नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
प्रशासन तथा सुविधा शाखा
त्रिपुरेश्वर, काठमाण्डौं

उद्योग विभागको सूचना!!

यस विभागबाट प्रवाह हुने सेवा र सो को प्रक्रिया एवम् आवश्यक कागजात लगायतका विषयमा उद्योगी व्यवसायीलाई जानकारी दिने उद्देश्यले यस विभागबाट मिति २०८३।०५।२४ देखि निःशुल्क एआई. कल सेन्टर (AI Call Centre) सञ्चालनमा ल्याइएको व्यहोरा सम्बन्धित सबैमा अवगतार्थ अनुरोध छ।

यो सेवा २४ सै घण्टा उपलब्ध रहेको छ। कल सेन्टरले उद्योग प्रशासनसँग सम्बन्धित सेवा र सेवा लिने प्रक्रिया तथा सेवा प्राप्त गर्न चाहिने आवश्यक कागजात लगायतका विषयहरूमा जानकारी दिन्छ। यसका लागि ९७०००० ४४१७ नम्बरमा कल गरी आफ्ना जिज्ञासा र समाधान लिन सकिन्छ।

उद्योग दर्ता र दर्ता पश्चातका सेवाहरू, विदेशी लगानी स्वीकृति प्रक्रिया, आई. ई. ई. स्वीकृति, ट्रेडमार्क दर्ता लगायतका क्रियाकलापहरूमा यसले सहायता प्रदान गर्छ। सेवाग्राहीलाई सम्बन्धित सबै विषयको सूचना तथा जानकारी उपलब्ध गराउन सक्ने गरी क्रमशः ज्ञान थप गर्दै परिस्कृत र परिमार्जन गर्दै लगिने व्यहोरा समेत अनुरोध छ।

९७०००० ४४१७ मा कल गर्नुहोस र उद्योग प्रशासनसँग सम्बन्धित विषयमा सूचना र जानकारी प्राप्त गर्नुहोस्।

मितिः २०८३।०५।२४
ने.सं. ११४६

२०८३/०५/२४
निर्देशक